# पाल्हीनन्दन गाउँपालिका
# Palhinandan Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.),लुम्बिनी प्रदेश नेपाल
kushma, Nawalparasi (Ba,Su,Pa.), Lumbini province,Nepal

पत्र संख्या (Letter No.)०८१/०८२
चलानी न.(Ref. No.)

मिति:२०८२/०३/३२

श्री वडा कार्यालय सबै,
पाल्हीनन्दन गाउँपालिका

विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा लाभग्राही सुचीकरण सम्बन्धमा।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमाबली,२०७६ को नियम (९) तथा समाजिक सुरक्षा भत्ता वितरण कार्यबिधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखि ऐ, भाद्र मसान्त सम्म दुई महिना) आफ्नो सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ ।सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा लाभग्राही सूचीकरण गर्दा देहाय अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

<u>देहाय;</u>

क. राष्ट्रिय परिचयपत्र वा परिचय नम्बर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवाये NI, Fingerprint scanner बा Irs डिभाईस मार्फत Verification गरी सम्बन्धित बड़ा कार्यालयबाट नविकरण गरिदिने ।यदि कुनै कारणले Biometric Verification हुन नसकेमा अन्य बिकल्प जस्तै Apha Authentlcation (ND मा उल्लेख भएको व्यक्तिगत विवरण तथा Photo) वाट Verification गरी नबीकरण तथा सूचीकरण गरिदिने।

ख. नया लाभग्राहीको रुपमा सूचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले NIN उपलव्ध गराएको तर कुनै पनि माध्यमवाट NIN Verification हन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सूचीकरण तथा नवीकरण गरिदिने।

ग. वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय बा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिदिने।

घ. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन,२०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही वमोजिम गरिदिने।

ङ. आर्थिक बर्ष ०८२/८३ को वजेट वक्तव्यको बुँदा न ३७५ मा आगामी आर्थिक वर्ष देखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुदाँ सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नया लाभग्राही सूचीकरण गर्ने। हाल प्राप्त गरीरहेका, दुर्गम क्षेत्र र लक्षित वर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोही वमोजिम नबिकरण गरिदिने।

अधिकृत सातौं

Website : http://palhinandanmun.gov.np
Email:palhinandanrulmun2073@gmail.com,info@palhinandanmun.gov.np